आज मिति २०८१ साल मार्ग २६ गते विहान ८.०० बजे बुधवार सैनामैना नगरपालिकाका नगर प्रमुख श्री फणेन्द्र प्रसाद शर्माज्यूको अध्यक्षतामा सैनामैना नगर कार्यपालिका बैठक तपसिलका पदाधिकारीको उपस्थितीमा बसी निम्न निर्णय गरियो ।

उपस्थिती

| क्र.स. | पद | नामथर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | फणेन्द्र प्रसाद शर्मा | |
| २ | उपप्रमुख | विना राना | |
| ३ | सदस्य | भुवन बहादुर क्षेत्री | |
| ४ | सदस्य | अम्मर बहादुर कडेल | |
| ५ | सदस्य | तम बहादुर पुर्जा | |
| ६ | सदस्य | राम प्रसाद अधिकारी | |
| ७ | सदस्य | धन प्रसाद पौडेल | |
| ८ | सदस्य | गोपाल पोखेल | |
| ९ | सदस्य | राज कुमार चौधरी | |
| १० | सदस्य | बुद्धिराम चौधरी थारु | |
| ११ | सदस्य | भानुभक्त पाण्डे | |
| १२ | सदस्य | कृष्ण प्रसाद घिमिरे | |
| १३ | सदस्य | राम प्रसाद भुसाल | |
| १४ | सदस्य | मन कुमारी राई | |
| १५ | सदस्य | मिरा क्षेत्री | |
| १६ | सदस्य | मायादेवी वि.क. | |
| १७ | सदस्य | दुर्गामाया श्रेष्ट | |
| १८ | सदस्य | सिता थारु | |
| १९ | सदस्य | सुरज वराल | |
| २० | सदस्य | टेक बहादुर विश्वकर्मा | |
| २१ | सदस्य | डोल बहादुर सार्की | |
| २२ | सचिव (निमित्त) | शिवलाल अर्याल | |
| २३ | का. ९ ८ | नारायणप्र. [illegible] | |
| २४ | | | |
| २५ | | | |

## मिति २०८१/०८/२६ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

सैनामैना नगरपालिकाको विद्यालय लेखा परीक्षण कार्यविधि २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २

सैनामैना नगरपालिकाको महिला सँग उपप्रमुख कार्यक्रम सञ्चालन कार्यविधि अनुसार आ.व. २०८१/०८२ का कार्यक्रम सञ्चालन गर्न तपसिल बमोजिमको सञ्चालक समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| १ नगर उपप्रमुख श्री विना राना | अध्यक्ष |
| २ मोती सुनार सैनामैना २ | सदस्य |
| ३. विष्णु कुमारी विश्वकर्मा सैनामैना ९ | सदस्य |
| ४. निर्मला बगाले मगर सैनामैना ४ | सदस्य |
| ५. निशा परियार सैनामैना ४ | सदस्य |
| ६. झुमा काउछ्या दर्लामी सैनामैना ७ | सदस्य |

निर्णय नं. ३

बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान कार्यविधि बमोजिम शिक्षा शाखा मार्फत तत्काल सामुदायिक विद्यालय र सँस्थागत विद्यालयमा अध्ययनरत बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने कार्य अगाडि बढाउने र सोको लागि सामूदायिक विद्यालयको हकमा नगरपालिकाले बजेट व्यवस्थापन गर्ने र संस्थागत विद्यालयको हकमा सम्बन्धित विद्यालयले बजेट व्यवस्थापन गर्ने गरी निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ४

सैनामैना नगरपालिकाको आ.व. २०८१/०८२ को प्रथम चौमासिक अवधिको आम्दानी खर्च विवरण सार्वजनिक गर्ने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

सैनामैना नगरकार्यपालिकाको कार्यालय

## मिति २०८१/०८/२६ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ५

यस सैनामैना नगरपालिका वडा नं. ७ का वडा सचिव श्री राजन पन्थीले आवश्यक जाँचबुझ गरी जन्म दर्ता बदर गरिदिन भनी यस कार्यालयमा मिति २०८०/०८/१२ मा निवेदन दिएकोमा सूचक कोपिला गिरीले जिल्ला रुपन्देही यस सैनामैना नगरपालिका वडा नं ७ मा खेमलाल गिरीको नाति आकाश गिरी तथा कोपिला गिरीको छोरा युवराज गिरीको मिति २०८१/०८/११ मा छोरा भनी दर्ता गराएको जन्म दर्ता परिचयपत्र नं. २०७३११०९१०६९७ को युवराज गिरीको जन्म दर्ताको विषयमा सूचक समेतसँग कार्यालयको पत्रद्वारा बुझ्दा निजहरुले दिएको निवेदन तथा वडा कार्यालयको सरजमिन मुचुल्का समेत प्राप्त भएकोमा उक्त जन्म दर्ता वैदेशिक प्रयोजनको लागि झुटा विवरण पेश गरी दर्ता गरेको भनी सूचकले लिखित रुपमा स्वीकार समेत गरेको हुँदा युवराज गिरीको जन्म दर्ता रद्द गर्नु पर्ने भएको । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा २४ मा ऐनको दफा २० बमोजिम प्रदान गरिएको दर्ताको प्रमाण पत्र व्यक्तिगत घटना भएको प्रमाण हुनेछ त्यस्तो प्रमाण कुनै पनि कार्यालय र अदालतमा पेश गर्न तथा वैयक्तिक कारोबारमा प्रयोग गर्न सकिनेछ तर कुनै व्यक्तिले झुट्टा विवरण दाखिला गरी दर्ताको प्रमाणपत्र लिएको रहेछ भन्ने कुरा प्रमाणित भएमा स्थानीय अधिकारीबाट त्यस्तो दर्ताको प्रमाण पत्र रद्द हुनेछ भन्ने उल्लेख भएको र स्थानीय अधिकारी भन्नाले प्रमुख जिल्ला अधिकारीलाई बुझिन्छ भनी परिभाषित गरेकोले सूचक कोपिला गिरीले झुटा विवरण दिइ मिति २०८१/०८/११ मा सैनामैना ७ मा दर्ता गराएको जन्म दर्ता परिचयपत्र नं. २०७३११०९१०६९७ को युवराज गिरीको जन्म दर्ता प्रमाणपत्र बदर गराउनु पर्ने भएकोले नगरप्रमुख ज्यूवाट मिति २०८१/०८/१४ मा सदर गरिएको जन्म दर्ता बदर सम्वन्धी निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

सैनामैना नगरपालिका ८ नं. वडाको च.नं. ८५७ मिति २०८१/०८/१८ मा सिफारिस भइ आएको जित वहादुर थारु, कौशल थारु, वावुराम पोखेल, पूर्णकला वस्याल, शिवराज न्यौपाने, श्याम ढकाल, भेषराज पन्त, सितादेवी पन्थ, बावुराम पाण्डे, खगेन्द्र घिमिरे र दामोदर बस्यालले जोतभोग गर्दै आएको सैनामैना नगरपालिका वडा नं. ८ रामापुरमा रहेको बेदर्ता जग्गामा नियमानुसारको मापदण्ड पूरा गरी बुटवल गोरुसिंगे चन्द्रौटा सडक योजना निर्माणको लागि अस्थायी रुपमा क्रेशर प्लान्ट र अस्फाल्ट प्लान्ट राख्न श्री SCEGC-ANS JV चितवन भरतपुरलाई अनुमति दिने निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मिति २०८१/०८/२६ गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ७

सैनामैना नगरपालिकाको बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत सडक बोर्ड नेपालको लागत साझेदारीमा सञ्चालन हुने सडक मर्मत योजनाको लागि तपसिलका सडक मर्मत गर्ने गरी सडक बोर्ड नेपालबाट प्राप्त हुने रकममा नियमानुसारको लागत साझेदारी नगरपालिकाले गर्ने र सडक मर्मत गर्न ठेक्का आह्वान गर्दा सडक बोर्ड नेपालबाट प्राप्त हुने रकम र नियमानुसारको म्याचिङ्ग रकम समेतले योजना सञ्चालनमा नपुग हुने रकम नगरपालिकाको समपुरक कोष र मर्मत सम्भार कोषबाट व्यहोर्ने गरी श्रोत सुनिश्चितता गरी ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा नं. १ को वनकट्टा मेजर रोड पश्चिम

२ .वडा नं. १ को तीनकुने बोलवम सडक

३. वडा नं. २ को मनकामना टोल कल्भर्ट क्षेत्रको सडक

४. वडा नं. २ को रिङ्गरोड देखि उत्तर संगम प्रगती टोल नाला

५. वडा नं. २ को रानीबगीया मुर्धनी सडक

६. वडा नं. ३ को दुर्गा मन्दिर खकनपुर सडक

७. वडा नं. ३ को विद्यालयटोल सडक

८. वडा नं. ४ को लखनपारा बोलबम सडक

९. वडा नं. ५ को बुद्धनगर किशुली सेरुवा सडक

१०. वडा नं. ५ को बुद्धनगर पूर्व मेजर सडक

११. वडा नं. ६ को देवीचोक मलमला सडक

१२. वडा नं. ६ को रामापुर स्कूल दक्षिण सडक

१३. वडा नं. ७ को कलौनी बयरकट्टी सडक

१४. वडा नं. ७ को रामबस्ती सडक

१५. वडा नं. ८ को रामापुर लौदापानी सडक

१६. वडा नं. ९ को सहमतीचोक अस्नेरी सडक

१७. वडा नं. ९ को पूर्वपश्चिम राजमार्ग देखि ताली बरौली जाने सडक

१८. वडा नं. १० को सालझण्डी वडा कार्यालय देखि वसपार्क जाने सडक

१९. वडा नं. १० को सालझण्डी थाप्ले पथ रिङ्गरोड सडक

२०. वडा नं. ११ को सालझण्डी पूर्वपश्चिम राजमार्ग देखि वडा कार्यालय जाने सडक

नि. प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख